July 6th, 2026 Monday

यो आकाशवाणी हो।

**प्रमुख समाचार:**

१. प्रधानमन्त्री नरेन्द्र मोदी इन्डोनेसिया, अष्ट्रेलिया र न्यूजील्याण्डको छ दिने भ्रमणमा

२. सहकारिता आन्दोलन नयाँ चरणमा प्रवेश गरिरहेको सहकारिता मन्त्री अमित शाहको भनाइ

३. विम्बल्डन टेनिसमा, नोभाक जोकोभिच पुरुष एकलमा र नाओमी ओसाका महिला एकलको क्वार्टरफाइनलमा प्रवेश

४. फिफा विश्वकपमा, पोर्चुगलले आज राति स्पेनसँग अनि अमेरिकाले बेल्जियमसँग प्रतिस्पर्धा गर्दै

----------

1. PM – Indonesia

प्रधानमन्त्री नरेन्द्र मोदी इन्डोनेसिया, अष्ट्रेलिया र न्यूजील्याण्डको छ दिने भ्रमणका लागि प्रस्थान गर्नुभएको छ। भ्रमणको प्रथम चरणमा प्रधानमन्त्री नरेन्द्र मोदी इन्डोनेसियाको जकार्ता पुग्नुभएको छ। इन्डोनेसियाका राष्ट्रपति प्रबोवो सुबियान्तोले जकार्ता विमानस्थलमा उहाँलाई स्वागत गर्नुभयो । भ्रमणको क्रममा, प्रधानमन्त्रीले इन्डोनेसियाली राष्ट्रपतिसँग द्विपक्षीय छलफल गर्नु हुनेछ र द्विपक्षीय साझेदारीमा प्रगतिको समीक्षा गर्नु हुनेछ । जकार्तामा प्रधानमन्त्रीले भारतीय समुदायलाई सम्बोधन गर्नु हुनेछ । भ्रमणको दोस्रो चरणमा, श्री मोदीले जुलाई ८-१० सम्म अष्ट्रेलियाको भ्रमण गर्नुहुनेछ। उहाँले अष्ट्रेलियाली प्रधानमन्त्री एन्थोनी अल्बानीजसँग भारत-अष्ट्रेलिया वार्षिक शिखर सम्मेलनमा भाग लिनु हुनेछ। भ्रमणको तेस्रो र अन्तिम चरणमा, श्री मोदीले जुलाई १०-११ सम्म न्यूजील्याण्डको भ्रमण गर्नुहुनेछ। प्रधानमन्त्री मोदीले न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनसँग वार्ता गर्नुहुनेछ। दुई नेताहरूले द्विपक्षीय

सम्बन्धका सबै पक्षहरूको समीक्षा गर्नु हुनेछ। प्रधानमन्त्री मोदी यो भ्रमणले भारतको Act East नीति र खुला हिन्द-प्रशान्त क्षेत्रप्रतिको दृष्टिकोणलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नुभएको छ।

2. Amit Shah – Cooperation

गृहमन्त्री तथा सहकारिता मन्त्री अमित शाहले आज सुधार, डिजिटलाइजेसन र व्यावसायिक व्यवस्थापन मार्फत सहकारिता आन्दोलन नयाँ चरणमा प्रवेश गरिरहेको बताउनुभयो। सहकारिता मन्त्रालयको पाँचौं स्थापना दिवस समारोहलाई सम्बोधन गर्दै श्री शाहले भन्नुभयो....

श्री शाहले किसानहरूलाई जैविक कृषि उत्पादनको उत्पादन बढाउन र रासायनिक मल र कीटनाशकको प्रयोग घटाउन पनि अपील गर्नुभयो। उहाँले थप भन्नुभयो........

यसै बीच सिक्किम दूध संघले सहकारिता मन्त्रालयको पाँच वर्षको सम्झनामा सहकारिता सप्ताहको भव्य समापन समारोहमा भाग लियो। सिक्किम सहकारिता दूध उत्पादक संघ लिमिटेड (SCMPUL) ले भारत सरकारको सहकारिता मन्त्रालयको स्थापनाको पाँचौं वार्षिकोत्सवको सम्झनामा सहकारिता सप्ताहको भव्य समापन समारोहमा भाग लियो। कार्यक्रममा देशभरका सहकारिता संस्थाहरू, दुग्ध संघहरू, महासंघहरू र बहु-राज्यीय सहकारिता संस्थाहरूका १०,००० भन्दा बढी प्रतिनिधिहरूको सहभागिता थियो।

3. Gadkari – Review Meeting

सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरीले आज राष्ट्रिय राजमार्ग माल ढुवानी व्यवस्थापन लिमिटेडको समीक्षा बैठक गर्नुभयो। श्री गडकरीले यी परियोजनाहरूले देशमा आधुनिक र सुधारिएको यातायात प्रणाली सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

4. Goyal - IIM Udaipur

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले प्रविधिमा आधारित द्विभाषी व्यवस्थापन शिक्षाले देशको ग्रामीण र शहरी क्षेत्रहरू बीचको शिक्षा खाडललाई कम गर्न मद्दत गर्ने बताउनुभएको छ। श्री

गोयलले आज नयाँ दिल्लीबाट भारतीय व्यवस्थापन संस्थान, उदयपुरको नयाँ अनलाइन द्विभाषी व्यवसाय प्रशासन पाठ्यक्रमको उद्धाटन समारोहलाई भर्चुअल रूपमा सम्बोधन गर्दै यस्तो आशय व्यक्त गर्नुभएको हो।

5. BRICS – Anti Drugs Agency Meet

ब्रिक्स देशका लागूपदार्थ विरोधी एजेन्सीहरूका प्रमुखहरूको बैठक आज गुवाहाटीमा सुरु भयो। यो दुई दिने बैठक गृह मन्त्रालय अन्तर्गत लागूपदार्थ नियन्त्रण ब्यूरोले आयोजना गरेको हो। भारतीय प्रतिनिधिमण्डलको नेतृत्व लागूपदार्थ नियन्त्रण ब्यूरोका महानिर्देशक अनुराग गर्गले गर्दै हुनुहुन्छ।

6. NHRC - कर्नाटक

राष्ट्रिय मानव अधिकार आयोग (NHRC) ले कर्नाटकका मुख्य सचिवलाई कर्नाटकको बेंगलुरुमा रहेको ढुङ्गा खानीमा सात आप्रवासी कामदारको मृत्यु भएको आरोपमा सूचना जारी गरेको छ। ग्रेनाइट ढुङ्गा खसेर यी कामदारहरूको मृत्यु भएको थियो। आयोगले दुई हप्ता भित्र यस विषयमा विस्तृत प्रतिवेदन माग गरेको छ।

7. Puri - Rathyatra

पुरीमा विश्व प्रसिद्ध रथयात्राको तयारी अन्तिम चरणमा छ। हाम्रा संवाददाताका अनुसार मुख्यमन्त्री मोहन चरण माझीले वार्षिक उत्सवको लागि सम्पूर्ण व्यवस्था सुनिश्चित गर्न सबै विभागहरूलाई निर्देशन दिनुभएको छ। यसैबीच, रेलमन्त्री अश्विनी वैष्णवले यस वर्ष जगन्नाथ रथयात्राको लागि ३०० भन्दा बढी विशेष रेलहरू सञ्चालन गरिने घोषणा गर्नुभएको छ। त्यसैगरी केरलामा ओणम पर्वको लागि आगामी दिनहरूमा १०० भन्दा बढी विशेष रेलहरू सञ्चालन गरिनेछ।

8. IMD Forecast

मौसम विभागले आज गुजरात, कोंकण, गोवा, मध्य महाराष्ट्र र छत्तीसगढमा भारी वर्षा र मुसलधारे वर्षाको लागि उच्च सतर्कता जारी गरेको छ। मौसम विभागले दक्षिणपश्चिम मनसुन आगामी तीन दिनमा उत्तरी अरब सागरका केही भागहरूबाट गुजरात, हरियाणा, पञ्जाब र राजस्थानमा अगाडि बढ्ने अनुमान गरेको छ। आज आसाम, मेघालय, बिहार, पूर्वी उत्तर प्रदेश, दिल्ली र पश्चिम बंगाल, सिक्किममा पनि भारी वर्षा हुने अनुमान गरिएको छ। निरन्तर वर्षाले महाराष्ट्रका अधिकांश भागहरूमा सामान्य जीवनलाई अस्तव्यस्त बनाएको छ। यसैबीच, गुजरातमा विगत २४ घण्टामा मुसलधारे वर्षा भएको छ, जसले सौराष्ट्र र दक्षिण गुजरात क्षेत्रहरूमा सामान्य जीवनलाई अस्तव्यस्त बनाएको छ।

9. Sports News

अब खेल समाचारः **विम्बल्डन टेनिसमा**, सर्बियाका नोभाक जोकोभिचले रूसका रोमन सफिउलिनलाई हराउँदै पुरुष एकलको क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। जोकोभिचले क्वार्टरफाइनलमा फेलिक्स अगर-अलियासिम वा अलेजान्ड्रो डेभिडोभिच फोकिनासँग प्रतिस्पर्धा गर्नेछन् । महिला एकलमा, कारोलिना मुखोबा आफ्नो करियरमा तेस्रो पटक विम्बल्डनको क्वार्टरफाइनलमा पुगिन्। अर्को खेलमा, नाओमी ओसाकाले आर्यना साबालेन्कालाई हराउँदै अल इङ्गल्याण्ड क्लबमा आफ्नो पहिलो क्वार्टरफाइनलमा पुगिन्। **फिफा विश्वकपमा**, आज राति अमेरिकाको आर्लिंगटनमा पोर्चुगलले स्पेनसँग खेल्नेछ। खेल भारतीय समयअनुसार खेल राति साढे बाह्र बजे सुरु हुनेछ। त्यसैगरि भोलि सियाटलमा सह-आयोजक अमेरिकाले बेल्जियमसँग खेल्नेछ। खेल भारतीय समयअनुसार बिहान साढे पाँच बजे सुरु हुनेछ।

इङ्गल्याण्ड, नर्वे, मोरक्को र फ्रान्स पहिले नै क्वार्टरफाइनलमा प्रवेश गरिसकेका छन्। आज बिहान इङ्गल्याण्डले सह-आयोजक मेक्सिकोलाई पराजित गर्दै क्वार्टरफाइनलमा प्रवेश गरेको छ। त्यसैगरि नर्वेले ब्राजिललाई २-१ ले हराउँदै क्वार्टरफाइनलमा प्रवेश गरेको छ। पाँच पटकको विश्व च्याम्पियन ब्राजिल

हिजो राति राउन्ड अफ १६ मा नर्वेसँग पराजित भएपछि ब्राजिलियन फुटबल खेलाडी नेयमार जुनियरले अन्तर्राष्ट्रिय फुटबलबाट सन्यास लिएका छन्।

-------------